# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
## National Natural Resources and Fiscal Commission

प. सः ०७५/७६
च. नं. / Ref: ५७१

मितिः२०७६/२/६

श्री स्थानीय सरकार,

सवै।

विषयः आन्तरिक ऋणको सीमा सिफारिस सम्वन्धमा ।

उपर्युक्त सम्बन्धमा नेपालको संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (च) मा भएको व्यवस्था बमोजिम स्थानीय सरकारले आर्थिक वर्ष २०७६/७७ मा लिन सक्ने आन्तरिक ऋणको सीमा सिफारिस यसै पत्रसाथ संलग्न गरी पठाईएको व्यहोरा आयोगको मिति २०७६/२/५ को निर्णयानुसार अनुरोध छ।

२०७६/२/६

(कपिल प्रसाद सुवेदी)
उप-सचिव

# आर्थिक वर्ष २०७६/७७ का लागि
# नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले उठाउने आन्तरिक ऋणसम्बन्धी सिफारिस

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

सिंहदरबार

काठमाडौं

जेठ, २०७६

## १. पृष्ठभूमि

नेपालको संविधानको धारा ५९ को उपधारा (३) मा "संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो तहको बजेट बनाउनेछन्..........." भन्ने व्यवस्था रहेको र सोही धाराको उपधारा (७) मा "संघ, प्रदेश र स्थानीय तहको घाटा बजेट व्यवस्थापन तथा अन्य वित्तीय अनुशासनसम्बन्धी व्यवस्था संघीय कानुनबमोजिम हुनेछ" भन्ने व्यवस्था रहेको छ। संविधानबमोजिम तीनै तहका सरकारले बजेट बनाउनुपर्ने र घाटा बजेट तयार गर्दा संघीय कानुनबमोजिम घाटा बजेट व्यवस्थापन गर्नुपर्ने देखिन्छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ मा तीनै तहका सरकारले आन्तरिक ऋण लिनसक्ने व्यवस्था रहेको छ। यस दफाबमोजिम संघ र प्रदेशले ऋणपत्र जारी गरेर समेत आन्तरिक ऋण लिन सक्नेछन् भने प्रदेश र स्थानीय तहले परियोजनामा आधारित ऋण लिनसक्ने व्यवस्था समेत सोही दफामा गरिएको छ।

यस अनुसार संघ, प्रदेश र स्थानीय तहले घाटा बजेट व्यवस्थापन गर्ने महत्त्वपूर्ण औजारको रूपमा आन्तरिक ऋणलाई प्रयोग गर्नसक्ने देखिन्छ। नेपालको संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (च) मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले समष्टिगत् आर्थिक सूचकहरूको विश्लेषण गरी संघ, प्रदेश र स्थानीय सरकारले लिनसक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने व्यवस्था रहेको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ मा समेत आयोगले निर्धारण गरेको सीमाभित्र रही तीनै तहका सरकारले आन्तरिक ऋण परिचालन गर्नसक्ने व्यवस्था गरिएको छ।

यी संवैधानिक र कानुनी प्रावधानहरू अनुरूप आर्थिक वर्ष २०७६/७७ का लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले लिनसक्ने आन्तरिक ऋणको सीमा निर्धारण गरिएको छ। यस्तो सीमा निर्धारण गर्दा उल्लेखित संवैधानिक तथा कानुनी व्यवस्था, देशको समष्टिगत् आर्थिक स्थिति, नेपाल सरकारको तिर्न बाँकी ऋण र प्रदेश तथा स्थानीय तहको ऋण तिर्नसक्ने क्षमता समेतलाई आधार लिएको छ। त्यस्तै, आर्थिक वर्ष २०७५/७६ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहलाई सिफारिस गरिएको सीमामा सम्बन्धित सरोकारवालाहरूको प्रतिक्रिया र पृष्ठपोषण, नेपाल सरकार, प्रदेश र स्थानीय तहले परिचालन गर्ने आन्तरिक ऋणको सीमासम्बन्धी अध्ययन प्रतिवेदन र विज्ञहरूसँगको छलफल र अन्तर्क्रियाबाट प्राप्त सुझावलाई समेत आधार बनाइएको छ।

## २. संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानले नेपाल सरकार, प्रदेश र स्थानीय तहले नै घाटा बजेट परिचालन गर्ने परिकल्पना गरेको छ। घाटा वजेटका सम्वन्धमा नेपालको संविधानमा देहायका व्यवस्थाहरू रहेका छन्।

- **धारा ५९ को उपधारा (७)**: संघ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासनसम्बन्धी व्यवस्था संघीय कानुनबमोजिम हुनेछ।
- **धारा ११५ को उपधारा (२)**: संघीय कानुनबमोजिम बाहेक नेपाल सरकारले कुनै पनि ऋण लिने र जमानत दिने छैन।
- **धारा २०३ को उपधारा (२)**: संघीय कानुनबमोजिम बाहेक प्रदेश सरकारले कुनै ऋण लिने र जमानत दिने छैन।
- **धारा २३० को उपधारा (२)**: गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले राजस्व र व्ययको अनुमान पेश गर्दा घाटा बजेट निर्माण गर्नुपर्ने भएमा संघीय कानुन र प्रदेश कानुनबमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नु पर्नेछ।
- **धारा २५१ को उपधारा (१) को खण्ड (घ)**: राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले समष्टिगत् आर्थिक सूचकहरूको विश्लेषण गरी संघ, प्रदेश र स्थानीय सरकारले लिनसक्ने आन्तरिक ऋणको सीमा सिफारिस गर्ने।

आन्तरिक ऋण सम्वन्धमा अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १४ मा देहायअनुसारको व्यवस्था गरिएको छः-

- **दफा १४ को उपदफा (१)**: नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आयोगले सिफारिस गरेको सीमा भित्र रही आन्तरिक ऋण लिनसक्नेछ। तर प्रदेश तथा स्थानीय तहले आन्तरिक ऋण लिनु अघि नेपाल सरकारको सहमति लिनुपर्नेछ।
- **दफा १४ को उपदफा (२)**: नेपाल सरकार तथा प्रदेशले प्रचलित कानुनको अधिनमा रही ऋणपत्र जारी गरी आन्तरिक ऋण उठाउन सक्नेछ।

- **दफा १४ को उपदफा (३):** प्रदेश तथा स्थानीय तहले आन्तरिक ऋण लिन नेपाल सरकारको सहमति माग गर्दा आन्तरिक ऋण लिन खोजिएको योजना, योजनाबाट प्राप्त हुनसक्ने प्रतिफल र उपलब्धि, ऋण भुक्तानी योजना, ऋण दिने संस्थाको विवरणसहितको प्रस्ताव मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ।
- **दफा १४ को उपदफा (४):** उपदफा (३) बमोजिम पेश भएको प्रस्ताव कार्यान्वयनयोग्य देखिएमा नेपाल सरकारले सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई आन्तरिक ऋण लिन सहमति दिनसक्नेछ।

स्थानीय तहबाट परिचालन हुने आन्तरिक ऋणका सम्बन्धमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६८ मा देहायका व्यवस्था रहेका छन्।

- **उपदफा (१)** गाउँपालिका तथा नगरपालिकाले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सिफारिसको सीमाभित्र रही सम्बन्धित सभाबाट स्वीकृत गराई उत्पादनशील, रोजगारमूलक, आन्तरिक आयवृद्धि तथा पूँजीगत कार्यको लागि आन्तरिक ऋण लिन सक्नेछ।
- **उपदफा (२)** उपदफा (१) बमोजिमको ऋण पच्चीस वर्षभन्दा बढी अवधिको लागि लिन सकिने छैन।
- **उपदफा (३)** नेपाल सरकारबाट प्राप्त ऋण वा नेपाल सरकार जमानी भई लिएको ऋण सम्बन्धित गाउँपालिका वा नगरपालिकाले निर्धारित अवधिभित्र चुक्ता नगरेमा नेपाल सरकारले त्यस्तो गाउँपालिका वा नगरपालिकालाई उपलब्ध गराउने अनुदानबाट कट्टा गरी सो रकम प्राप्त गर्न वा ऋण भुक्तानी गरिदिनेछ।
- **उपदफा (४)** गाउँपालिका तथा नगरपालिकाले ऋण लिनेसम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

## ३. आर्थिक वर्ष २०७५/७६ का लागि गरिएको सिफारिसको सिंहावलोकन

चालु आर्थिक वर्षमा नेपाल सरकारले आर्थिक वर्ष २०७५/७६ को अनुमानित कुल गार्हस्थ्य उत्पादनको ५ प्रतिशतमा नबढ्ने गरी र प्रदेश तथा स्थानीय तहले तत् तत् तहको आर्थिक वर्ष २०७५/७६ को अनुमानित राजस्व र नेपाल सरकारबाट राजस्व बाँडफाँटबाट प्राप्त हुने राजस्वको योगफलको १० प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण लिन सक्ने सीमा निर्धारण गरिएको थियो।

नेपाल सरकारले चालु आर्थिक वर्ष २०७५/७६ को बजेट वक्तव्य मार्फत् रु. १७२ अर्ब आन्तरिक ऋण उठाउने घोषणा गरेको थियो। सो रकम चालु आर्थिक वर्षको अनुमानित कुल गार्हस्थ्य उत्पादनको ५ प्रतिशत भित्रै रहेको देखिन्छ।

प्रदेश सरकारहरूमध्ये प्रदेश नं. २, गण्डकी प्रदेश र कर्णाली प्रदेशले मात्र आन्तरिक ऋण परिचालन गर्ने गरी बजेट प्रस्ताव गरेका थिए। ती प्रदेशहरूमध्ये प्रदेश नं. २ र गण्डकी प्रदेशले निर्धारित सीमाभित्रै र कर्णाली प्रदेशले निर्धारित सीमाभन्दा बढी आन्तरिक ऋण परिचालन गर्ने गरी बजेट प्रस्ताव गरेका थिए। तथापि कुनै पनि प्रदेशले हालसम्म कुनै ऋण परिचालन गरेका छैनन्। प्रदेश तहको विनियोजित बजेट नै खर्च हुन नसकिरहेको अवस्था, ऋण परिचालन गर्ने कानुनी व्यवस्थाको अभाव र वित्तीय औजारको अनुपलब्धताका कारण आन्तरिक ऋण परिचालन हुनसकेको छैन।

आयोगमा उपलब्ध विवरण अनुसार स्थानीय तहले निर्धारित सीमाभित्रै रही आन्तरिक ऋण परिचालन गर्ने प्रस्ताव गरेको देखिन्छ। यद्यपि स्थानीय तहहरू आफूसँग उपलब्ध अन्य वित्तीय स्रोत खर्चमा नै केन्द्रित भएकाले थप स्रोत परिचालन गर्ने गरी आन्तरिक ऋण परिचालन गर्न अग्रसर भएका छैनन्।

स्थानीय तहहरूका हकमा नेपाल सरकारको स्वामित्वमा रहेको नगर विकास कोषबाट समेत ऋण प्रवाह भइरहेको अवस्था छ। नगर विकास कोषबाट परिचालन भएको ऋणमध्ये आर्थिक वर्ष २०७४/७५ को अन्त्यसम्ममा १३१ वटा स्थानीय तहहरूका ३३६ वटा परियोजनामा लगानी भएको रु. ६ अर्ब ५७ करोड ५८ लाख ऋण उठाउन बाँकी देखिन्छ। यो रकम आन्तरिक ऋणको सीमाभित्र पर्ने नपर्ने सम्बन्धमा द्विविधा भई कोषबाट सञ्चालित क्रमागत तथा नयाँ आयोजनाहरूमा सम्झौताबमोजिम ऋण परिचालन गर्न बाधा भएकाले सो बाधा फुकाउन आयोगलाई लेखि आएकोमा परिचालन गर्न खोजिएको ऋण रकम सम्बन्धित स्थानीय तहको स्वीकृत वार्षिक बजेट र कार्यक्रममा समावेश भई दातृ निकायको सहयोगमा सञ्चालनमा रहेको भएमा आयोगबाट आर्थिक वर्ष २०७५/७६ का लागि स्थानीय तहका लागि सिफारिस भएको आन्तरिक ऋणको सीमाले सम्झौताबमोजिमको ऋण परिचालन गर्न बाधा नपुग्ने गरी स्पष्ट पारिएको थियो।

## ४. आर्थिक वर्ष २०७६/७७ का लागि आन्तरिक ऋणसम्बन्धी सिफारिसका आधारहरू

### नेपाल सरकार

आर्थिक वर्ष २०७४/७५ को देशको समष्टिगत् आर्थिक स्थिति सामान्यतया सन्तोषजनक छ। नेपाल राष्ट्र बैंकबाट प्रकाशित तथ्याङ्कबमोजिम आर्थिक वर्ष २०७४/७५ मा कुल सरकारी खर्च विनियोजनको ८०.५ प्रतिशत, पूँजीगत खर्च विनियोजनको तुलनामा ७१.६ प्रतिशत र वित्तीय व्यवस्था तर्फको खर्च विनियोजनको ७७.६ प्रतिशत रहेको छ। स्रोत परिचालनतर्फ राजस्व संकलन लक्ष्यको ९९.५ प्रतिशत रहेको छ। वैदेशिक सहायता परिचालन अनुमानित रकमको ५४.५ प्रतिशत छ। आर्थिक वर्ष २०७४/७५ मा नेपाल सरकारले कुल आन्तरिक ऋण रु. १४४ अर्ब ७५ करोड परिचालन गरेको थियो जसमध्ये रु. ३७ अर्ब ५६ करोड आन्तरिक ऋण भुक्तानी भएकाले रु. १०७ अर्ब १९ करोड खूद आन्तरिक ऋण परिचालन भएको छ। नेपाल सरकारले आर्थिक वर्ष २०६९/७० देखि आर्थिक वर्ष २०७४/७५ सम्म परिचालन गरेको आन्तरिक ऋणको स्थिती देहायअनुसार रहेको छ।

**कुल गार्हस्थ्य उत्पादनमा आन्तरिक ऋणको प्रतिशत**

| **आर्थिक वर्ष** | २०६९/७० | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ | २०७५/७६ को प्रथम दश महिनासम्म |
|---|---|---|---|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनमा आन्तरिक ऋणको प्रतिशत** | १.१ | १.० | २.० | ३.९ | ३.३ | ४.८ | आन्तरिक ऋण उठाएको छैन। |

*स्रोतः आर्थिक सर्वेक्षण २०७४/७५र अर्थ मन्त्रालय*

आर्थिक वर्ष २०७४/७५ को अन्त्यसम्ममा नेपालको कुल तिर्न बाँकी ऋण रु. ९१६ अर्ब ५२ करोड रहेको छ, जुन सो आर्थिक वर्षको प्रक्षेपित कुल गार्हस्थ्य उत्पादनको २९.७ प्रतिशत हुन आउँछ। योमध्ये वैदेशिक ऋण रु. ५२५ अर्ब ३५ करोड र आन्तरिक ऋण रु. ३९१ अर्ब १६ करोड रहेको छ। कुल तिर्न बाँकी आन्तरिक ऋण कुल गार्हस्थ्य उत्पादनको १३ प्रतिशत रहेको छ। चालु आर्थिक वर्षको पहिलो ८ महिनासम्म नेपालको कुल तिर्न बाँकी ऋण रु. ९७८ अर्ब ४५ करोड पुगेको छ जसमध्ये आन्तरिक ऋण रु. ३८३ अर्ब ५९ करोड रहेको छ। यो अवधिसम्मको तिर्न बाँकी ऋण चालु आर्थिक वर्षको प्रक्षेपित कुल गार्हस्थ्य उत्पादनको २८.३ प्रतिशत हुन आउछ।

विकासशील अन्य मुलुकहरूको तुलनामा नेपालको कुल गार्हस्थ्य उत्पादनसँग तिर्न बाँकी आन्तरिक ऋणको अनुपात कम रहेको सन्दर्भमा नेपाल सरकारसँग थप ऋण परिचालनका लागि वित्तीय आधार रहेको छ। नेपालको संविधानले तीनै तहका सरकारले आन्तरिक ऋण उठाउनसक्ने व्यवस्था गरेकाले देशभित्र उपलब्ध वित्तीय स्रोतको अवस्थाअनुसार ऋण परिचालन गर्न सकिन्छ। तर तीनै तहले परिचालन गर्ने ऋणका लागि उपलब्ध बजार भने एउटै रहेको र सोही बजारबाट निजी क्षेत्रले समेत ऋण लिने भएकाले सरकारले मात्र ठूलो ऋण उठाउन सक्दैन। सामान्यतया समग्र वित्तीय अवस्था खल्बलिन नदिनका लागि देहायका कारणले सरकारले ठूलो मात्रामा आन्तरिक ऋण परिचालन गर्न कठिन हुन्छः-

(१) आन्तरिक मुद्रा बजारमा उतारचढाव रहेको र समयसमयमा बैंक तथा वित्तीय संस्थाहरूसँग तरलताको समस्या रहने गरेको,

(२) सरकारले बढी ऋण लिंदा सोको प्रभाव बैंक तथा वित्तीय संस्थाको ब्याजदरमा पर्न गई समग्र वित्तीय प्रणालीमा समस्या देखिन सक्ने अवस्था रहेको,

(३) देशमा हुने लगानीको अधिकतम हिस्सा निजी क्षेत्रबाट हुने भएकाले सरकारले बढी ऋण उठाउँदा निजी क्षेत्रको लगानी संकुचनको सम्भावना हुने भएको, र

(४) वित्तीय आधार (Fiscal Space) को आकारलाई मात्र दृष्टिगत् गरी ऋण लिंदा ऋणको अनुत्पादक उपयोगको डर रहने भएको।

**प्रदेश सरकार**

प्रदेश तहको संरचना एक वर्ष अघिदेखि मात्र क्रियाशील हुन थालेकाले प्रदेशस्तरीय आर्थिक परिसूचकहरूको अभाव छ। समग्र देशलाई प्रतिनिधित्व गर्ने आर्थिक परिसूचकहरूमा प्रदेशस्तरको हिस्सा भएपनि त्यो हिस्सालाई अंकमा उल्लेख गर्न नसकिने भएकोले तत्काललाई प्रदेश सरकारहरूको ऋण उठाउनसक्ने क्षमता आँकलन गर्न कठिन छ। यसै कठिनाईलाई दृष्टिगत् गर्दै चालु आर्थिक वर्षको लागि आन्तरिक ऋणको सीमा सिफारिस गर्दा तिर्नसक्ने क्षमतालाई मात्रै अनुमान गरी सिफारिस गरिएको थियो। आगामी आर्थिक वर्ष २०७६/७७ का लागि ७ वटै प्रदेश सरकारहरूले परिचालन गर्नसक्ने अनुमानित आय देहायबमोजिम देखिन्छ।

**प्रदेश सरकारहरूको आर्थिक वर्ष २०७६/७७ को आन्तरिक स्रोत र राजस्व बाँडफाँटको अनुमानित आय**

(रु.लाखमा)

| आ. व. २०७५/७६ को अनुमानित आन्तरिक आय | आ. व. २०७६/७७ को अनुमानित आन्तरिक आय* | आ. व. २०७६/७७ मा राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम | आ. व. २०७६/७७ को अनुमानित आन्तरिक स्रोत र राजस्व बाँडफाँटको आय |
|---|---|---|---|
| १९४०५० | २३२८६० | ६४३६९८ | ८७६५५८ |

**आर्थिक वर्ष २०७५/७६ को आन्तरिक आयमा २० प्रतिशत वृद्धि हुने अनुमान गरिएको*

यसरी अनुमान गरिएको आर्थिक वर्ष २०७६/७७ को अनुमानित कुल आयको १० प्रतिशतका दरले आन्तरिक ऋण परिचालन गर्ने सीमा निर्धारण गर्दा प्रदेश सरकारहरूबाट रु. ८ अर्ब ७६ करोड ५५ लाख ऋण परिचालन हुने अवस्था देखिन्छ।

खण्डीकृत तथ्याङ्कहरूको अभावमा प्रदेश सरकारहरूले आय अनुमानभन्दा बाहेकका आधारमा ऋण उठाउने र ऋणको सावाँ ब्याज भुक्तानी गर्ने विषय यकिन गर्न सकिने अवस्था छैन। प्रदेश सरकारको आफ्नो आन्तरिक स्रोत सबल नभइसकेको अवस्थामा ऋण मात्र लिने, तर भुक्तानी गर्न नसकी ऋणको पासोमा पर्नसक्ने अवस्था आउनदिनु पनि हुँदैन।

प्रदेश सरकारले आन्तरिक ऋण उठाउन ऋणपत्र निष्काशन गर्नसक्ने भए पनि सोका लागि आवश्यक पर्ने कानुनी आधार र मौद्रिक औजार भने तयार नभइसकेको अवस्था छ। यसका लागि तत्काल कानुनी आधार र मौद्रिक औजारहरूको व्यवस्था गर्नुपर्ने देखिन्छ। प्रदेश सरकारको खर्च आवश्यकता पूरा गर्न संघीय सञ्चित कोषबाट उपलब्ध हुने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँट एवम् आफ्नो आन्तरिक आय मात्र पर्याप्त नहुने हुँदा ती सरकारहरूले परिचालन गर्नसक्ने राजस्व रकमको आधारमा तिर्न सक्ने क्षमता आँकलन गरी आन्तरिक ऋण उठाउने सीमा निर्धारण गर्नुपर्ने देखिन्छ।

**स्थानीय तह**

स्थानीय तहमा खण्डीकृत तथ्याङ्कको अभाव छ। स्थानीय तहलाई प्रदेश तहको भन्दा बढी कराधिकार भए पनि स्थानीय तहको सबै खर्च जिम्मेवारी पूरा गर्नका लागि सबै स्रोतबाट प्राप्त रकम पर्याप्त नभई आन्तरिक ऋण लिनुपर्ने हुन सक्छ। तर आन्तरिक स्रोत सबल नभइसकेको अवस्थामा स्थानीय तह ऋणको पासोमा पर्ने अवस्था आउन नदिने गरी विशेष सावधानी अपनाउनु पर्दछ।

चालु आर्थिक वर्ष २०७५/७६ मा अनुमान गरिएको स्थानीय तहको आयको आधारमा आगामी आर्थिक वर्ष २०७६/७७ को स्थानीय तहको अनुमानित कुल आन्तरिक आय देहायबमोजिम रहेको छ।

**स्थानीय सरकारहरूको आर्थिक वर्ष २०७६/७७ को अनुमानित आन्तरिक स्रोत र राजस्व बाँडफाँटको आय**

(रु.लाखमा)

| आ.व. २०७५/७६ को अनुमानित आन्तरिक आय | आ.व. २०७६/७७ को अनुमानित आन्तरिक आय* | आ.व.२०७६/७७ मा राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम | आ.व.२०७६/७७ को अनुमानित आन्तरिक स्रोत र राजस्व बाँडफाँटको आय |
|---|---|---|---|
| २०७८७३ | २४९४४८ | ७०८३९५ | ९५७८४३ |

**आर्थिक वर्ष २०७५/७६ को आन्तरिक आयमा २० प्रतिशत वृद्धि हुने अनुमान गरिएको*

यसरी अनुमान गरिएको आर्थिक वर्ष २०७६/७७ को अनुमानित कुल आयको १० प्रतिशतका दरले आन्तरिक ऋण परिचालन गर्ने सीमा निर्धारण गर्दा स्थानीय तहहरूबाट रु. ९ अर्ब ५७ करोड ८४ लाख ऋण परिचालन हुने अवस्था देखिन्छ।

## ४. आर्थिक वर्ष २०७६/७७ का लागि आन्तरिक ऋणको सिफारिस

आर्थिक वर्ष २०७६/७७ का लागि प्रक्षेपित कुल गार्हस्थ्य उत्पादनको ५ प्रतिशतको सीमाभित्र रही आन्तरिक ऋण परिचालन हुनु वाञ्छनीय हुन्छ। सोका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले उठाउनसक्ने आन्तरिक ऋणको सीमा देहायअनुसार निर्धारण गरी सिफारिस गरिएको छः-

### नेपाल सरकार

(क) नेपाल सरकारले तत्कालको समष्टिगत् आर्थिक स्थिति, प्रदेश तथा स्थानीय तहले परिचालन गर्ने आन्तरिक ऋणको अवस्था र बजारको स्थिति समेत विश्लेषण गरी आर्थिक वर्ष २०७६/७७ को प्रक्षेपित कुल गार्हस्थ्य उत्पादनको ५ प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउने।

(ख) पूँजी निर्माणमा सहयोग पुग्ने गरी आन्तरिक ऋणको उपयोग गर्ने।

### प्रदेश सरकार

(क) आर्थिक वर्ष २०७६/७७ मा संघीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँट र प्रदेश तहको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १० प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउने।

(ख) आन्तरिक ऋणको परिचालन पूँजी निर्माण र दीर्घकालीन लाभका क्षेत्रमा गर्ने।

(ग) साधारण प्रकृतिका र प्रशासनिक खर्चका लागि आन्तरिक ऋण उपयोग नगर्ने।

**स्थानीय तह**

(क) आर्थिक वर्ष २०७६/७७ मा संघीय सरकार र प्रदेश सञ्चित कोषबाट प्राप्त हुने राजस्व बाँडफाँट र स्थानीय तहको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने राजस्वको योगफलको १० प्रतिशतमा नबढ्ने गरी आन्तरिक ऋण उठाउने।

तर, स्थानीय तहको पूर्वाधार निर्माणमा ऋण प्रवाह गर्ने प्रयोजनका साथ नेपाल सरकारले गठन गरेको विशिष्टीकृत संस्थाले गर्ने ऋण लगानीको हकमा यो सीमा लागु हुने छैन।

(ख) आन्तरिक ऋणको परिचालन पूँजी निर्माण र दीर्घकालीन लाभ दिने प्रकृतिका उत्पादनशील, रोजगारमूलक तथा आन्तरिक आय बढाउने क्षेत्रमा गर्ने।

(ग) साधारण प्रकृतिका र प्रशासनिक खर्चका लागि आन्तरिक ऋण उपयोग नगर्ने।

(घ) ऋण लगानी गरी सञ्चालन हुने परियोजनाबाट प्राप्त हुने लाभ वा आम्दानीबाट सो परियोजनामा लगानी गरिएको ऋणको साँवा र ब्याज भुक्तानी गर्ने सुनिश्चित भएका परियोजनामा मात्र ऋण परिचालन गर्ने।

*******